नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:
च.नं.

# प्रेस विज्ञप्ति

**दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१)**
आधार पत्र (मस्यौदा) माथि राय सुझाव संकलनका लागि आयोजित

## राष्ट्रिय परामर्श तथा अन्तरक्रिया कार्यक्रम

आज मिति २०७५ फाल्गुण २२ गते राष्ट्रिय योजना आयोगले आगामी पाँच आर्थिक वर्षको अवधिका लागि कार्यान्वयनमा आउने गरी तर्जुमा गरिरहेको पन्ध्रौं आवधिक योजनाको आधारपत्रको मस्यौदामाथि राष्ट्रियस्तरमा राय सुझाव संकलन गर्न आयोजना गरेको राष्ट्रिय परामर्श तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रमको अध्यक्षता आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलले गर्नु भएको थियो । साथै विशिष्ट अतिथिको रुपमा राष्ट्रिय सभाका दिगो विकास तथा सुशासन समितिका सभापति माननीय श्री तारा देवी भट्ट, प्रतिनिधि सभाका विकास तथा प्रविधि समितिका सभापति माननीय श्री कल्याणी कुमारी खड्का र अर्थ समितिका सभापति माननीय श्री कृष्णप्रसाद दाहाल उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रमको शुरुवातमा आयोगका सदस्य सचिव श्री लक्ष्मण अर्यालले विशिष्ट अतिथिज्यूहरु लगायत उपस्थित सबै सहभागीहरुलाई स्वागत गर्नु हुँदै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । कार्यक्रमको उद्घाटन राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष र संसदीय समितिका माननीय सभापतिहरुबाट संयुक्तरुपमा पानसमा बत्ती बालेर भएको थियो ।

उद्घाटन कार्यक्रम पश्चात् दीर्घकालीन सोच तथा पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१) को समष्टिगत आर्थिक क्षेत्रको बारेमा आयोगका सहसचिव श्री खोमराज कोइरालाले प्रस्तुति गर्नु भएको थियो । उक्त प्रस्तुतिपश्चात माननीय उपाध्यक्षज्यूले आयोगले तर्जुमा गरिरहेको दीर्घकालीन सोच सहितको भावी आवधिक योजनाका बारेमा यस अघि विभिन्न विषयक्षेत्रका विज्ञ समूहहरु र सातवटै प्रदेशमा गएको माघ महिनामा सम्पन्न गरिएको प्रदेश समन्वय परिषद्का पदाधिकारीहरु लगायत सार्वजनिक, निजी, सहकारी तथा प्राज्ञिक एवम् विज्ञहरु सँगको परामर्श बैठकबाट प्राप्त राय सुझावहरुका बारेमा बताउँदै आजको कार्यक्रमबाट गहन छलफल तथा अन्तरक्रिया गरी रचनात्मक सुझावहरुको अपेक्षा गरिएको बताउनु भयो ।

यस अन्तरक्रिया कार्यक्रम उद्घाटन सत्र, क्षेत्रगत विषयको समूह प्रस्तुति तथा छलफल सत्र र अन्त्यमा समूह छलफलको निष्कर्ष सहितको समापन सत्र गरी तीन चरणमा सञ्चालन गरिएको थियो ।

फोन: ४२११९७०, ४२११६८१, फ्याक्स: ९७७-१-४२११७००, ईमेल: info@npc.gov.np, वेभसाईट: www.npc.gov.np

दोस्रो सत्रमा योजनाले समेट्ने ६ वटा क्षेत्रगत विषयहरु क्रमश: (१) आर्थिक, (२) सामाजिक, (३) पूर्वाधार, (४) कृषि, वन तथा प्राकृतिक स्रोत, (५) लोकतन्त्र र सुशासन, र (६) अन्तरसम्बन्धित क्षेत्रको समूहगत प्रस्तुति तथा छलफलका लागि सम्पूर्ण सहभागीहरु ६ वटा समूहमा रही गहन छलफल तथा अन्तरक्रिया गर्नुभएको थियो । समूहमा विषयक्षेत्रको प्रस्तुति आयोगमा सम्बन्धित विषयक्षेत्र हेर्दै आउनुभएका माननीय सदस्यले गर्नु भएको थियो भने सबै समूहको समूह प्रस्तुति र छलफलको अध्यक्षता पूर्व उपाध्यक्षज्यूहरुले गर्नु भएको थियो । यस क्रममा आर्थिक क्षेत्रको प्रस्तुति माननीय सदस्य डा. रामकुमार फुयालले गर्नु भएको थियो र अध्यक्षता पूर्व उपाध्यक्ष डा. पृथ्वीराज लिगलले गर्नु भएको थियो। सामाजिक क्षेत्रको प्रस्तुति माननीय सदस्य डा. उषा झाले गर्नु भएको थियो र अध्यक्षता पूर्व उपाध्यक्ष डा. शंकरप्रसाद शर्माले गर्नु भएको थियो । माननीय सदस्य ई. सुशील भट्टले पूर्वाधार क्षेत्रको प्रस्तुति गर्नु भएको थियो भने अध्यक्षताको भूमिकामा पूर्व उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेल हुनुहुन्थ्यो । त्यसैगरी लोकतन्त्र र सुशासन क्षेत्रको प्रस्तुति माननीय सदस्य श्री मीनबहादुर शाहीले गर्नु भएको थियो र अध्यक्षता पूर्व उपाध्यक्ष डा. दिनेशचन्द्र देवकोटाले गर्नु भएको थियो। अन्तरसम्बन्धित विषयक्षेत्रको प्रस्तुति माननीय सदस्य डा. कृष्णप्रसाद ओलीले गर्नु भएको थियो भने अध्यक्षताको भूमिकामा पूर्व उपाध्यक्ष डा. रविन्द्रकुमार शाक्य हुनुहुन्थ्यो।

अन्तिम सत्रमा समूहको संयोजन गर्नु भएका पूर्व उपाध्यक्षज्यूहरुले आ-आफ्नो समूहमा प्रस्तुतिकरण भएका विषयवस्तुहरु माथि सहभागीहरुले व्यक्त गर्नुभएको टिप्पणी र राय सुझावलाई समेट्दै निष्कर्ष सहितको मन्तव्य दिनुभएको थियो । यसक्रममा सबै समूहका संयोजकज्यूहरुले राष्ट्रिय योजना आयोगले गरेको यस कार्यक्रमलाई सहभागीहरुले सह्रानीय प्रयास भएको विचार व्यक्त गरेको कुरा बताउनुभयो। त्यसैगरी आगामी योजनाले चुनौति र सम्भावनालाई मिहिन र वस्तुगत ढङ्गले विश्लेषण गर्दै योजनाले लिएका लक्ष्य हासिल गर्ने आधारहरु र यसको सफल कार्यान्वयनका पक्षलाई ध्यान दिई तर्जुमा गर्नुपर्ने सुझाव समेत दिनुभयो।

कार्यक्रमको अन्त्यमा माननीय उपाध्यक्षले आयोगको निमन्त्रणालाई स्वीकार गर्दै आफ्नो कार्यव्यस्तताका बावजूद सक्रियरुपमा सहभागी भई अमूल्य सूझाव दिनुभएकोमा हार्दिक आभार प्रकट गर्दै छलफलका क्रममा आएका राय सुझावहरुलाई आयोगले आत्मसात गर्दै आधार पत्रको मस्यौदामा यथोचित समावेश गर्ने धारणा राख्दै कार्यक्रम अन्त्य गर्नुभयो। सम्पूर्ण कार्यक्रमको संचालन आयोगका कार्यक्रम निर्देशक श्री नरहरी घिमिरेले गर्नुभएको थियो।

फाल्गुण २२, २०७५

डा. किरण रुपाखेति
(प्रवक्ता एवम् सहसचिव)